सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# PEFA Newsletter

A Quarterly Publication of PEFA Secretariat

वर्ष: ३ अंक: १२ २०७२ चैत्र

## सम्पादकको तर्फबाट:

सार्वजनिक वित्तीय व्यवस्थापनलाई सबल तथा प्रभावकारी बनाउन समन्वय, सहजिकरण, सचेतना, बहस तथा पैरवी लगायत विभिन्न सूचनामूलक सामाग्रीहरु यस सचिवालय मार्फत प्रकाशन हुँदै आइराखेका छन् ।

प्रथम चरणको वित्तीय व्यवस्थापन सुधार कार्यक्रमहरुको कार्यान्वयनबाट पहिलो पेफा मुल्याङ्कन, २००८ भन्दा दोश्रो मुल्याङ्कन, २०१४ मा ३१ वटा सूचकहरु मध्ये १९ सूचकहरुमा सुधार भएको छ । दोश्रो पेफा मुल्याङ्कनले पहिचान गरेका सबल पक्षहरुलाई अझ सुदृढ गर्न र कमजोर पक्षहरुमा सुधार गर्न दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति मिति २०७२/११/१२ गते स्वीकृत भइसकेको छ । यस रणनीतिलाई नेपाल सरकारका सम्वद्ध पक्षहरु तथा नेपाल सरकारलाई सुधारमा सहयोग गर्ने विकास साझेदारहरुको संयुक्त प्रयासबाट कार्यान्वयन गर्नपर्ने अबको आवश्यकता रहेको छ ।

यस दोश्रो चरणको सुधार रणनीतिको प्रभावकारी कार्यान्वयन गरी सार्वजनिक वित्तीय व्यवस्थापनलाई नागरिक तथा सरोकारवालाहरुको विश्वास गर्न योग्य, गुणस्तरीय निर्णयमा सघाउ पुर्याउने, सरकारी कोषको उपयोग गरी सार्थकता कायम गर्न सक्ने तथा सेवाग्राही, नागरिक तथा सम्पूर्ण अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्ने खालको बलियो, विश्वसनीय, पारदर्शी, जवाफदेही बनाउन सबैको आ-आफ्नो ठाँउ/क्षेत्रमा सकारात्मक र परिणाममुखि भूमिकाको अपेक्षा गरिएको छ ।



दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन कार्ययोजनालाई अन्तिम रुप दिन सञ्चालन गरिएको कार्यशालाको एक झलक

## यस भित्र


- पेफा निर्देशक समितिको बैठक
- दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन कार्ययोजना सम्बन्धी कार्यशाला
- दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति स्वीकृत
- जिल्लामा पेफा सम्बन्धी क्षेत्रीय तालिम सञ्चालन
- पेफा जर्नलको चौथो अंक प्रकाशन
- महालेखा नियन्त्रक कार्यालयद्वारा विभिन्न विषयमा तालिमहरु सञ्चालन
- सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी अन्य सामाग्रीहरु

# पेफा निर्देशक समितिको २३ औं बैठक सम्पन्न



निर्देशक समितिको बैठक

पेफा निर्देशक समितिका अध्यक्ष तथा अर्थ सचिव लोक दर्शन रेग्मीज्यूको अध्यक्षतामा मिति २०७२/११/१२ मा पेफा निर्देशक समितिको बैठक सम्पन्न भएको छ । बैठकमा राजस्व सचिव राजन खनाल, महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपाल लगायत अन्य सदस्यहरुको उपस्थिति रहेको थियो । बैठकमा पेफा सचिवालयका संयोजक केवल प्रसाद भण्डारीले पेफाको संक्षिप्त प्रस्तुति गरी दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाका सम्बन्धमा प्रकाश पार्नु भयो ।

बैठकमा दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजना (Second Phase PFM Reform Action Plan) स्विकृत गर्ने र पेफा सचिवालयबाट आर्थिक वर्ष २०७१/०७२ मा अध्ययन गराईएका विषयहरुले गरेका सिफारिसहरुका बारेमा छलफल भयो ।

बैठकले सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयले सार्वजनिक वित्त व्यवस्थापनसँग सरोकार राख्ने विभिन्न निकायहरु (नेपाल सरकार, दातृ निकायहरु तथा संवैधानिक अंगहरु) सँग छलफल तथा अन्तरक्रिया गरी तयार गरिएको ११९ वटा कार्ययोजना र १३ वटा कार्यान्वयनको नेतृत्व निकायहरु भएको ८३ पेजको दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति, २०७२/७३-२०८१/८२ (Nepal's Public financial Management Reform Strategy/Program PFMRP Phase 2016/017-2025/026) स्विकृत गर्यो ।

यसका साथै सचिवालयले सार्वजनिक वित्त व्यवस्थापनका विभिन्न विषयहरुमा गत वर्ष केही अध्ययनहरू गराएको थियो । यसमा एकल खाता कोष प्रणाली कार्यान्वयन प्रभाव, आन्तरिक लेखा परीक्षण सुधार अध्ययन, सार्वजनिक वित्तीय क्षेत्रका जनशक्तिहरुकालागि तालिमको आवश्यकता पहिचान अध्ययन र वित्तीय उत्तदायित्वमा गैह्र बजेट खर्चको प्रवृत्ति र असर सम्बन्धी विषयहरू थिए । यस अनुसार गरिएका ४ वटा अध्ययन प्रतिवेदनलाई आगामी दिनमा प्रभावकारीरुपमा कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

# दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति स्वीकृत

दोश्रो सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मुल्यांकनबाट सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व मुल्यांकनका ३१ वटा सूचकहरुमध्ये पहिलो मुल्यांकनको तुलनामा १९ वटा सूचकहरुमा सुधार १० वटामा यथावत् रहेको र २ वटा सूचक कमजोर रहेको पाइएको थियो । यस मुल्यांकनबाट पहिचान गरिएका सबल पक्षहरुलाई अझ सुदृढ र कमजोर देखिएका पक्षहरुलाई सुधार गर्न दोश्रो चरणको सार्वजानिक खर्च तथा वित्तीय उत्तरदायित्व सुधार रणनीति तयार गरिएको हो । पेफा निर्देशक समितिको २३ औं बैठकबाट दोश्रो चरणको सार्वजानिक वित्तीय व्यवस्थापन सुधार रणनीति स्वीकृत भएको छ । दोश्रो चरणको सार्वजानिक वित्तीय व्यवस्थापन सुधार रणनीतिले निम्न ८ प्रमुख उपलब्धी हासिल गर्ने लक्ष्य राखेको छ ।

- बजेट अनुमान तथा खर्चमा विश्वसनीयता अभिवृद्धि गर्ने ।
- बजेटमा पारदर्शिता अभिवृद्धि गर्ने ।
- नीतिमा आधारित बजेट तर्जुमा प्रणालीमा सुधार गर्ने ।
- बजेटका लागि श्रोतको सुनिश्चितता र नियन्त्रण प्रणालीमा सुधार गर्ने ।
- लेखापालन अभिलेख र प्रतिवेदन प्रणालीमा सुधार गर्ने ।
- बाह्य परिनिरीक्षण र लेखापरीक्षणमा सुधार गर्ने ।
- सार्वजनिक वित्तीय क्षेत्रमा मानव श्रोतव्यवस्थापन र क्षमता विकासमा सुधार गर्ने ।
- विकास साझेदारहरुको अभ्यासमा सुधार गर्ने ।

यो रणनीतिले सार्वजनिक वित्तीय व्यवस्थापनको हरेक चक्रलाई रणनीतिमा समावेश गरी समग्र सुधारतर्फ उन्मुख रही प्रथम चरणमा भएका सुधारलाई निरन्तरता र त्यसको दीगोपना कायम गर्ने विश्वास गरिएको छ । यो रणनीति कार्यान्वयनको अवधि १० वर्ष अनुमान गरिएको छ। यसलाई तत्काल (१ देखि २ वर्ष) मध्यमकाल (२ देखि ५ वर्ष) र दीर्घकाल (५ वर्षभन्दा बढि) अवधि राखि आर्थिक वर्ष २०७२/७३ देखि २०८१/८२ सम्म कार्यान्वयन गरिनेछ । रणनीति कार्यान्वयनका लागि कूल लागत ७ अर्ब ३५ करोड अनुमान गरिएको छ । कतिपय रणनीति कार्यान्वयनमा नेपाल सरकारकै श्रोत प्रयोग हुने र नपुगको हकमा विकास साझेदारबाट प्राप्त हुने अपेक्षा गरिएको छ ।

# नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका लागि अन्तरराष्ट्रिय अवलोकन भ्रमण सम्पन्न

दोश्रो सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वको मुल्याङ्कनले औंल्याएका सबल/दुर्बल पक्षहरुको विश्लेषण गरी सबल पक्षहरुलाई अझ सुदृढ र दिगो बनउन तथा दुर्बल पक्षहरुमा सुधार गरी सबल बनाउन दोश्रो चरणको वित्तीय व्यवस्थापन सुधार रणनीति लाई गुणात्मक बनाउन अन्तरराष्ट्रिय असल अभ्यासहरू, सिकाई, ज्ञान तथा अनुभव आदान प्रदान गर्ने तथा नेपाल सरकारको वित्तीय प्रतिवेदनलाई अन्तरराष्ट्रियस्तरको IPSAS मा आधारित बनाउनका लागि नेपालमा अभ्यासको क्रममा रहेको NPSAS (Nepal Public Sector Accounting Standard) लगायत सार्वजनिक वित्तीय व्यवस्थापनको विविध पक्षहरुमा गर्नु पर्ने थप सुधारका विषयमा अभ्यास, अनुभव, सबल/दुर्बल पक्षहरुको अनुभव आदान प्रदान गर्ने उद्देश्यका साथ नेपालको सार्वजनिक वित्तीय सुधार कार्यक्रम अन्तर्गत महालेखा नियन्त्रक कार्यालयको अगुवाईमा अन्तरराष्ट्रिय भ्रमण सम्पन्न भयो । उक्त भ्रमणमा महालेखा परीक्षक कार्यालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, भौतिक निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयका समेत गरी १४ जना अधिकारीहरु सहभागी थिए ।

भ्रमण दलले ४ दिन (२०७२ कार्तिक २८ देखि मंसिर १ सम्म) मलेशियाको अर्थ मन्त्रालय, महालेखा परीक्षकको कार्यालय, लेखा नियन्त्रक कार्यालय पुगी अनुभव आदान प्रदान गरेको थियो । मलेशिया सम्मको अवलोकन भ्रमणका लागि पेफा सचिवालय संयोजक तथा सह महालेखा नियन्त्रक मुकुन्द राज प्रकाश घिमिरेले नेतृत्व गर्नु भएको थियो । सोही भ्रमण दलले २०७२ मंसिर ३ देखि ५ सम्म इन्डोनेशिया भ्रमण गरी त्यहाँको अर्थ मन्त्रालय, अन्तिम लेखापरीक्षण गर्ने निकाय, आन्तरिक लेखा परीक्षण गर्ने निकाय, लेखाङ्कन तथा प्रतिवेदन गर्ने निकाय पुगी अनुभव आदान प्रदान गरेको थियो । इन्डोनेशिया भ्रमणको नेतृत्व अर्थ मन्त्रालयका सह-सचिव शंकर प्रसाद खरेलले गर्नु भएको थियो । भ्रमण दलले मलेसिया र इन्डोनेशियामा विद्यमान कोष प्रशासन, लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली, वित्तीय क्षेत्रका मानवस्रोतको व्यवस्थापन, IPSAS मा आधारित वित्तीय प्रतिवेदनको सम्बन्धमा भएका अभ्यास, अनुभव, उपलब्धिका सम्बन्धमा अवलोकलन गरी भ्रमण प्रतिवेदन प्राप्त भइसकेको छ । यो प्रतिवेदन पेफा सचिवालयको वेबपेज मा प्रकाशित गरिएको छ ।




## पेफा जर्नलको चौथो अंक प्रकाशन

पेफा सचिवालयले सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी लेखहरु समावेश पेफा जर्नलको चौथो अंक प्रकाशन गरेको छ । यस अंकमा सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी र अन्य गरी जम्मा ११ लेखहरु प्रकाशन गरिएको छ ।

## महालेखा नियन्त्रक कार्यालयद्वारा विभिन्न तालीमहरु सञ्चालन

महालेखा नियन्त्रक कार्यालयद्वारा आर्थिक वर्ष २०७२÷०७३ मा राजश्व व्यवस्थापन सुचना प्रणाली (Revenue Management Information System) लागु भएका उपत्यका बाहिरका झापा, मोरङ, कास्की, बाँके, कैलाली लगायत विभिन्न १२ जिल्लाहरुमा अभिमुखिकरण र पुनर्ताजगी तालीम सञ्चालन गरेको छ । २०७२ श्रावण र भाद्र महिनामा १२ जिल्लामा सञ्चालित अभिमुखिकरण तालीममा ७७२ जना र २०७२ माघ र फाल्गुणमा सञ्चालित पुनर्ताजगी तालीममा ५४५ जना गरी कुल १३१७ सहभागीले तालीम प्राप्त गरेका थिए ।

साथै TSA कार्यान्वयन निर्देशिकामा भएको संसोधन बमोजिम TSA-DECS मा निम्नानुसार कार्यक्रमहरु सञ्चालन गरिएको थियो । जस अन्तरगत ३ दिने FMIS Update सम्बन्धी अभिमुखिकरण कार्यक्रममा ६९ वटा को.ले.नि.का बाट १÷१ जना गरी ६९ जना सहभागीले तालीम लिएका थिए ।

TSA-DECS Operation Training ५ दिने कार्यक्रम १६ जिल्लाका कोष प्रमुखहरुमा सञ्चालन गरिएको थियो भने १० दिने तालीम कार्यक्रम ४८ जनालाई प्रदान गरिएको थियो । त्यसै गरि TSA कार्यान्वयनमा संलग्न निकायहरू बिच २ दिने अन्तरक्रिया कार्यक्रम पोखरा र नेपालगञ्जमा २०७२ माघ र बिराटनगर र चितवनमा २०७२ फागुनमा सम्पन्न भयो । उक्त कार्यक्रममा विभिन्न जिल्लाका कोष तथा लेखा नियन्त्रकहरू सहित ७७ जना, सरकारी कारोबार गर्ने बैंकका १३४ जना, स्थानीय कार्यालयका ६२ जना र महालेखा नियन्त्रक कार्यालयका ५२ जना सहभागीहरूको उपस्थिति रहेको थियो ।

# दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति सम्बन्धी कार्यशाला सम्पन्न

दोश्रो चरण सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजनालाई अन्तिम रुप दिनको लागि यही २०७२ मंसिर २४ गते ललितपुरमा पेफा सचिवालयबाट एक कार्यशालाको आयोजना गरिएको थियो । जसमा सरोकारवाला निकाय अर्थ मन्त्रालय (बजेट तथा कार्यक्रम महाशाखा, अन्तरराष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा र राजस्व व्यवस्थापन महाशाखा), महालेखा परीक्षकको कार्यालय, सार्वजनिक खरीद अनुगमन कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, शिक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग र महालेखा नियन्त्रक कार्यालयका उच्च अधिकारीहरुको उपस्थिती रहेको थियो । यस दोश्रो चरण सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाको सफल कार्यान्वयनको लागि सरोकारवाला निकायहरुमा अपनत्व एवं प्रतिवद्धता अभिवृद्धि गर्ने समेत उद्देश्य लिई यो कार्यशालाको आयोजना गरिएको थियो । यस कार्यशालाको अध्यक्षता राजस्व सचिवज्यूले गर्नुभएको थियो ।

कार्यशालाको आरम्भमा पेफा सचिवालयका संयोजक तथा सह महालेखा नियन्त्रक मुकुन्द राज प्रकाश घिमिरेबाट स्वागत मन्तव्य तथा कार्यशालाको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने पेफा सचिवालयका सदस्य सचिव भुवन प्रसाद काफ्लेले दोश्रो चरण सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाका विषयमा प्रस्तुतिकरण गर्नुभएको थियो । यस क्रममा राजस्व सचिव राजन खनाल, अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा प्रमुख सह सचिव वैकुण्ठ अर्याल, महालेखा परीक्षकको कार्यालयका नायव महालेखा परीक्षक बाबुराम गौतमबाट सुधार कार्ययोजनाका विविध विषयमा प्रकाश पार्नु भएको थियो । तत्पश्चात् कार्यशालामा हालसम्म परिमार्जन भएको दोश्रो चरण सार्वजनिक वित्तीय उत्तरदायित्व सुधार कार्ययोजनालाई विभिन्न मन्त्रालय निकायहरुको नेतृत्वमा कार्यान्वयन हुने गरी तयार गरिएको उप परियोजनाहरुमा रहेका कार्ययोजनाहरुमा विस्तृत रुपमा समुहगत (६ वटा समुहमा) छलफल गरी अनेक पृष्ठपोषणहरु प्राप्त भएका र यसलाई समावेश गरी सुधार कार्ययोजनालाई अन्तिम रुप दिइएको थियो ।

# NPSAS अनुरुपको वित्तीय प्रतिवेदन तयार गर्ने जनशक्तिको क्षमता विकास कार्यक्रमहरु सम्पन्न

नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७२/०५/३० मा यस सार्वजनिक क्षेत्र लेखामान नेपाल (NPSAS) को सार्वजनिक क्षेत्रका निकायहरुमा लागू गर्ने निर्णय भएको थियो । सो निर्णय अनुरुप आर्थिक वर्ष २०७०/७१ मा भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय र महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय गरी दुई मन्त्रालयमा NPSAS नमूनाको रुपमा थालनी गरिएको थियो । आ.व. २०७१।७२ मा नमूनाको रुपमा थालनी गरिएका दुई मन्त्रालय लगायत थप १४ वटा निकायमा गरी जम्मा १६ वटा निकायको NPSAS अनुरुपको वित्तीय प्रतिवेदन तयार गर्ने उद्देश्य बमोजिम हाल सम्म १४ वटा निकायहरुको वित्तीय प्रतिवेदन तयार भई अन्तिम लेखा परीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश भइसकेको छ भने २ वटा निकायहरुले फागुन १५ गतेभित्र वित्तीय प्रतिवेदन तयार गर्ने प्रतिवद्धता जनाएका छन् । यसै गरी २०७१/७२ मा बाँकी मन्त्रालय/निकायहरुको NPSAS अनुरुपको वित्तीय प्रतिवेदनको मस्यौदा तयार पार्ने उद्देश्य रहेको छ ।

यसै सन्दर्भमा NPSAS अनुरुपको वित्तीय प्रतिवेदन बनाउन आवश्यक पर्ने जनशक्तिको क्षमता विकास गर्ने उद्देश्यले महालेखा नियन्त्रक कार्यालयले हाल सम्म तिन वटा तालिम सम्पन्न गरिसकेको छ । पहिलो चरणको तालीम मिति २०७२ साउन २८ र २९ गते सञ्चालन गरिएको थियो । उक्त ३ वटै तालीम अनामनगर स्थित युनियन हाउसमा सम्पन्न भएको थियो । सो तालीमको उद्घाटन महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपालले गर्नु भएको थियो र उक्त तालीममा विभिन्न १७ निकायका जम्मा ३२ जना लेखा सम्बन्धी काम गर्ने कर्मचारीहरु सहभागी भएका थिए । यसै गरी दोश्रो चरणको तालीम मिति २०७२ भदौ २१ र २३ गते सञ्चालन गरिएको थियो। सो तालीमको उद्घाटन महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपालले गर्नु भएको थियो र उक्त तालीममा विभिन्न १५ निकायका जम्मा ३५ जना लेखा समूहका कर्मचारी सहभागी भएका थिए । तेश्रो चरणको तालीम मिति २०७२ भदौ २४ र २५ गते सञ्चालन गरिएको थियो । सो तालीमको उद्घाटन सह महालेखा नियन्त्रक मुकुन्द राज प्रकाश घिमिरेले गर्नु भएको थियो र उक्त तालीममा विभिन्न १७ वटा निकायका जम्मा ३४ जना लेखा समूहका कर्मचारी सहभागी भएका थिए ।

साथै अन्तिम लेखा परीक्षकहरुको समेत क्षमता विकास गर्ने र लेखापरीक्षणमा नवीन विषयहरूको जानकारी दिलाउने महालेखा नियन्त्रक कार्यालयमा योग्य जनशक्ति तयार गर्ने उद्देश्यले ICAN सँग सम्झौता गरी मिति २०७२ असोज २४ देखि २९ गते सम्म प्रशिक्षक प्रशिक्षण तालीम सञ्चालन गरिएको थियो । सो तालीमको उद्घाटन महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपालले गर्नु भएको थियो र उक्त तालीममा महालेखा नियन्त्रक कार्यालय तथा महालेखा परीक्षक कार्यालयका गरी जम्मा २६ जना कर्मचारी सहभागी भएका थिए ।

## वित्तीय सूचना प्रणाली (FMIS) मा केन्द्रिय निकायहरुको पहुँच (Online Access)

महालेखा नियन्त्रक कार्यालयद्वारा नेपाल सरकारका केन्द्रिय निकायहरु (सबै मन्त्रालयहरु तथा आयोगहरु) लाई वित्तीय सूचना प्रणाली (FMIS) मा तोकिएको प्रतिवेदनमा Online Access प्रदान गरेको छ । मिति २०७२/११/१३ र १४ गते महालेखा नियन्त्रक कार्यालयमा छुट्टाछुट्टै दुई चरणमा महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हरेक केन्द्रिय निकायहरुलाई २ वटा User ID तथा Test Password प्रदान गरी सञ्चालन विधि जानकारी गराईएको थियो । सार्वजनिक आर्थिक प्रशासनको क्षेत्रमा पारदर्शिता, कार्य प्रभावकारिता र विश्व समकक्षता कायम गर्नका लागि सूचना प्रविधिको प्रयोगलाई सार्वजनिक क्षेत्रमा आन्तरिकिकरण गर्नु पर्ने आवश्यकता रहेकोमा यस प्रकारको कार्यक्रमबाट अन्तरनिकाय समन्वय प्रबर्द्धन हुने र मन्त्रालयहरूका लागि आवश्यक तथ्याङ्कमा सहज पहुँच पुग्ने नीति, निर्णय निर्माणमा गुणस्तरियता कायम गर्न तथा प्रतिवेदन समयमा तयार गर्न सघाउ पुग्ने विश्वास लिईएको छ ।

## सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी क्षेत्रीय तालीम बागलुङमा सम्पन्न

पश्चिमाञ्चलस्तरीय सहायक स्तरको क्षेत्रीय तालीम कार्यक्रम मिति २०७२/१०/११ देखि १३ गतेसम्म (३ दिन) कोष तथा लेखा नियन्त्रक कार्यालय, बागलुङको संयोजनमा सम्पन्न भएको छ । पश्चिमाञ्चल क्षेत्रको १६ जिल्लाका ३० जना प्रशासन सेवा लेखा समुहका राजपत्र अनंकित कर्मचारीहरुको सहभागिता रहेको कार्यक्रम बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी विष्णु प्रसाद पोखरेलले समुदघाटन गर्नु भयो । कार्यक्रमा स्थानीय विकास अधिकारी, सुरक्षा प्रमुख, बागलुङ उद्योग वाणिज्य संघ, नागरिक समाज, नेपाल पत्रकार संघका केन्द्रिय सदस्य लगायतका व्यक्तिहरुको उद्घाटन समारोहमा सहभागिता रहेको थियो । यस कार्यक्रममा सहभागी कर्मचारीहरुले तालीम कार्यक्रमबाट आफूहरुलाई आर्थिक प्रशासनको क्षेत्रमा ऐन नियम लगायत नजानेका धैरै विषयहरुबारे जानकारी लिने अवसर प्राप्त तथा दैनिकी आर्थिक प्रशासनिक कार्य सहज हुने जानकारी दिएका छन् । यस तालीम कार्यक्रममा पेफा सचिवालयका सदस्य सचिव भुवन प्रसाद काफ्ले, उप म.ले.नि. थानेश्वर गौतम र लेखा अधिकृत पदम प्रसाद पौडेल सहभागी हुनु भएको र श्रोत व्यक्तिको रुपमा समेत रही तालीम दिनु भएको थियो । को.ले.नि.का. बागलुङका प्रमुख कोष नियन्त्रक रामजी प्रसाद शर्मा र लेखा अधिकृत महादेव सापकोटाले आर्थिक प्रशासन सम्बन्धी विभिन्न विषयहरुमा प्रशिक्षण दिनु भएको थियो ।

# सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी क्षेत्रीय तालीम धनकुटामा सम्पन्न

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय को आ.व. ०७२/७३ को वार्षिक कार्यक्रम अन्तर्गत मिति २०७२/११/०२ देखि २०७२/११/०५ सम्म धनकुटामा ४ दिने क्षेत्रीय वित्तीय व्यवस्थापन तालीम कार्यक्रम सम्पन्न भयो । पेफा सचिवालय र को.ले.नि.का धनकुटाको संयुक्त आयोजनामा सञ्चालित उक्त तालीम उद्घाटन कार्यक्रमको अध्यक्षता को.ले.नि.का धनकुटाका प्रमुख नरेश खरेलले गर्नुभएको थियो कार्यक्रममा प्रमुख अतिथि पेफा संयोजक तथा सह म.ले.नि केवल प्रसाद भण्डारीले कार्यक्रम उद्घाटन गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा धनकुटा जिल्लाका प्रमुख जिल्ला अधिकारी सोम प्रसाद भट्टराई लगायत जिल्ला स्थित कार्यालय प्रमुखहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा पेफा सदस्य सचिव तथा उप म.ले.नि. भुवन प्रसाद काफ्लेले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । सो कार्यक्रममा पूर्वाञ्चल विकास क्षेत्रका ३० जना प्रशासन सेवा लेखा समुहका राजपत्र अनंकित कर्मचारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा पेफा सचिवालय संयोजक केवल प्रसाद भण्डारीले सहभागीहरुलाई बजेट प्रणली लगायत वित्तीय व्यवस्थापनका विविध पक्षमा जानकारी र सुझाव प्रदान गर्नु भएको थियो भने पेफा सदस्य सचिवले पेफाको अवधारणा र पेफा मुल्याङ्कनमा नेपालको अवस्थाबारे जानकारी मुलक प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी धनकुटा कोष प्रमुख, कोष नियन्त्रकहरु र अन्य प्रशिक्षकहरुले वित्तीय व्यवस्थापनका विविध पक्षमा प्रकाश पार्नु भएको थियो । सो तालीम कार्यक्रमका अतिरिक्त मिति २०७२/११/२ मा को.ले.नि.का. धनकुटामा र २०७२/११/3 मा को.ले.नि.का मोरङमा जिल्ला स्थित लेखा समूहका कर्मचारीहरु बिच वित्तीय व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा सह म.ले.नि केवल प्रसाद भण्डारीले स्थानीय लेखा समूहका कर्मचारीहरुको गुनासो सुन्नुका साथै वित्तीय व्यवस्थापन सम्बन्धी विविध सुझाव र निर्देशन दिनुभयो । उक्त कार्यक्रमहरूमा तत् तत् कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुखहरू, कोष नियन्त्रकहरु, पेफा सदस्य सचिव भुवन प्रसाद काफ्ले र लेखा अधिकृत पृथ्वीराज भुसालको समेत सहभागिता थियो ।

# सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रमको थालनी




महालेखा नियन्त्रकज्यू कार्यक्रमलाई संवोधन गर्नुहुँदै

पेफा सचिवालयको वार्षिक कार्यक्रम अन्तर्गत सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा संलग्न कर्मचारीहरूको पेशागत क्षमता अभिवृद्धि गर्ने उद्देश्यले मिति २०७२/११/२८ बाट एक वर्षे Advance Diploma in Public Financial Management Course ललितपुरको जावलाखेल स्थित नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा शुरुवात गरिएको छ । उक्त कार्यक्रमको समुद्घाटन महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपालले गर्नु भएको थियो ।

कार्यक्रममा ३० जना प्रशिक्षार्थीहरुको साथै महालेखा नियन्त्रक कार्यालय र पेफा सचिवालयका कर्मचारी तथा पत्रकारहरु समेत ५० जनाको सहभागिता रहेको उक्त कार्यक्रममा पेफा सचिवालयका संयोजक केवल प्रसाद भण्डारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । उक्त कार्यक्रममा विश्व बैंकका प्रतिनिधि फ्रांक बेसेट, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक पुण्य प्रसाद न्यौपाने, सह महालेखा नियन्त्रक जगन्नाथ देवकोटा, उपमहालेखा नियन्त्रक थानेश्वर गौतम र पेफा सदस्य सचिव भुवन प्रसाद काफ्लेको सहभागिता रहेको थियो । महालेखा नियन्त्रक राजेन्द्र प्रसाद नेपालले यो कार्यक्रमले सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा संलग्न कर्मचारीहरूको पेशागत दक्षता र व्यवसायिकता अभिबृद्धिमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नु भयो । त्यसैगरी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका कार्यकारी निर्देशक पुण्य प्रसाद न्यौपानेले नेपालको सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा यो राम्रो शुरुवात भएकोले आगामी दिनमा समेत यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने विचार राख्नु भयो । विश्व बैंकका प्रतिनिधि फ्रांक बेसेटले सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी यस कार्यक्रमले प्रणाली र जनशक्ति गरी दुई आयामलाई समेट्ने र यो कार्यक्रमले विध्यमान प्रणालीमा जनशक्तिको क्षमता अभिबृद्धिमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो । कार्यक्रमको सञ्चालन लेखा अधिकृत अनुपमा कार्कीले गर्नु भएको थियो ।

## पेफाका क्रियाकलापहरु तश्विरमा




क्षेत्रीय तालीम धनकुटाको एक झलक



मलेशिया भ्रमण कार्यक्रमको एक झलक



दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति सम्बन्धी कार्यशालाका सहभागीहरु



इण्डोनेशिया भ्रमण कार्यक्रमको एक झलक



दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति कार्यशालाका सहभागीहरु



सार्वजनिक वित्तीय व्यवस्थापन क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमको एक झलक

**Nepal's Public Financial Management Reform Strategy/Program (PFMRP)**

**Phase II**

(2016/17-2025/26)

Government of Nepal

Ministry of Finance

**Public Expenditure and Financial Accountability (PEFA) Secretariat**

FCGO Building, Anamnagar,

Kathmandu, Nepal


**सल्लाहकार**

केवल प्रसाद भण्डारी

सम्पादक मण्डल

भुवन प्रसाद काफ्ले

अनुपमा कार्की

लेआउट डिजाईन

अनुपमा कार्की

प्रकाशक

**सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय**

महालेखा नियन्त्रक कार्यालय भवन परिसर

अनामनगर, काठमाण्डौ

टेलिफोन: ४७७०७०६, ४७७०३८७

फ्याक्स: ४७७०७०६

Website: www.pefa.gov.np

E-mail: pefanepal@pefa.gov.np